नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

फोन नं.: ०६३-४२०१३३
०६३-४२०२१०
०६३-४२१२१०
इमेल: daosyangja@moha.gov.np

पत्र संख्या: ०७८/७९
चलानी नं.:

मिति: २०७८/०९/३०

## स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेलद्वारा जारी आदेश:

कोभिड-१९ (कोरोना भाइरस) को नयाँ भेरियन्ट ओमिक्रोन विश्वका विभिन्न मुलुकहरु लगायत नेपालमा समेत तीव्र रुपमा फैलिरहेको छ । स्याङ्जा जिल्लामा पनि यसको प्रभाव बढ्दै गएको विगत केही दिनका तथ्याँकहरुबाट पुष्टी भइसकेको हुँदा यसको रोकथाम तथा नियन्त्रणका लागि कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) को मिति २०७८।०९।२५ गतेको बैठकले गरेको सिफारिस बमोजिम नेपाल सरकार, गृह मन्त्रालयको च. नं. १४४२ मिति २०७८।०९।२६ गतेको पत्रबाट प्राप्त निर्देशन तथा जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्र (DCMC) स्याङ्जाको मिति २०७८/०९/२७ गतेको बैठकको सिफारिस तथा जिल्ला सुरक्षा समिति, स्याङ्जाको मिति २०७८/०९/२७ गतेको बैठकको निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम मिति २०७८/०९/३० गते राती १२:०० बजेदेखि अर्को आदेश जारी नभए सम्मका लागि स्याङ्जा जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ ।

देहाय :

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर निस्कँदा तथा सार्वजनिक सवारी साधनको प्रयोग गर्दा अनिवार्यरुपमा उचित तरिकाले मास्कको प्रयोग गर्ने, भौतिक सामाजिक दुरी कायम गर्ने र समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने, गराउने।

२. जिल्लास्थित सेवाप्रदायक निकायहरुले २०७८ माघ ०७ गते देखी सेवा प्रवाह गर्दा सेवाग्राहीहरुले अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको प्रमाण देखाउने (खोप कार्डको मोबाइलमा फोटो भए पनि हुने ।) व्यवस्था अनिवार्य रुपमा लागू गर्ने साथै सेवा प्रदायक निकायहरुले आफ्नो हाताभित्र भएको खुल्ला स्थानको अधिकतम उपयोग गरी सकेसम्म खुल्ला स्थानबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।

३. सार्वजनिक स्थानमा धेरै जना उपस्थित हुनेगरी राजनैतिक, प्रशासनिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक लगायतका कुनै पनि कार्यक्रमहरु नगर्ने, नगराउने । अत्यावश्यक अवस्थामा वा गर्नैपर्ने साँस्कृतिक-धार्मिक कार्यक्रम स्थानीय प्रशासनको पूर्व अनुमति लिएर साँकेतिक रुपमा मात्रै गर्ने ।

४. अत्यावश्यक र गर्नैपर्ने प्रकृतिका गोष्ठी, सेमिनार तथा तालिम संचालन गर्दा बढीमा २५ जना भन्दा सहभागी हुने गरी कुनै पनि कार्यक्रम संचालन नगर्ने र सो सम्बन्धी कार्यक्रमको जानकारी अग्रिमरुपमा स्थानीय प्रशासनलाई जानकारी गराउने ।

०७८/९/३०
राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

फोन नं.: ०६३-४२०१३३
०६३-४२०२१०
०६३-४२१२१०
इमेलः daosyangja@moha.gov.np

पत्र संख्याः ०७८/७९
चलानी नं.:

मितिः २०७८/०९/३०

५. सार्वजनिक सवारी साधनहरु सञ्चालन तथा प्रयोग गर्दा सवारी साधनहरुको सिट क्षमता भन्दा बढी यात्रु नराखे, सवारी चालक, सहचालक तथा सबै यात्रुहरुले अनिवार्य रुपमा तोकिएका स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर मात्र सञ्चालन गर्ने ।.

६. विद्यालय संचालन तथा १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई कोभिड विरुद्धको खोप लगाउने सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) को सिफारिस तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०९।२६ मा प्रकाशित प्रेश विज्ञप्ती बमोजिम गर्नुहुन अनुरोध गरिन्छ ।

७. औषधी लगायतका अत्यावश्यक बस्तु, खाद्यान्न तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारबाही हुनेहुँदा औषधी लगायतका अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति नियमितरुपमा गर्ने, गराउने ।

८. औधोगिक तथा व्यवसायिक संस्था, फर्म तथा पसलहरुले तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर मात्र सञ्चालन गर्ने ।

९. सबै प्रकारका पेशा, व्यवसाय तथा पसलहरु जनस्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गरेर मात्र सञ्चालन गर्ने ।

१०. मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गरेर भिडभाड नहुने गरी मात्र सञ्चालन गर्ने ।

११. आवासीय होटेल, रेष्टुरेन्ट चिया तथा खाजा पसलहरुले जनस्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गरेर मात्र सञ्चालन गर्ने ।

१२. बैंक तथा वित्तीय संस्थाहरु, सहकारी तथा बिमा कम्पनीहरु साथै मनि ट्रान्स्फर लगायतका बैंक तथा वित्तीय संघसंस्थाहरुले जनस्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गरेर मात्र सेवा प्रवाह गर्ने ।

१३. स्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गर्दै न्यूनतम संख्यामा सीमित हुनेगरी बिवाह कार्यक्रम, दाहसंस्कार तथा मृत्यु संस्कार गर्ने, गराउने।

*कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जारी उपरोक्तानुसारको आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायहरुबाट नियमित तथा आकस्मिक अनुगमन हुनेछ । अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ ।*

.........................

राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी स्याङ्जा